नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

टेलिफोन: ०५६-५२१९४४
फ्याक्स : ०५६-५२०७४७

पत्र संख्या : ०७७।०७८
चलानी नं :

मितिः- २०७८।०३।१६

## चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

नयाँ भेरियन्ट सहितको कोभिड-१९को संक्रमणको जोखिम यस जिल्लामा अझै सम्म पनि उच्च रहेको हुंदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार मन्त्रिपरिषदको निर्णय, कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा (४), संक्रामक रोग ऐन २०२० को दफा (२) र स्थानीय प्रशासन ऐन २०२८ को दफा (६) को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८।०१।१५ गते जारी गरिएको आदेशलाई तपशिल बमोजिम हुने गरी मिति २०७८।०३।१७ गते राती १२:०० बजे देखि मिति २०७८।०३।२४ गते राती १२:०० बजे सम्म चितवन जिल्लाभर लागू हुने गरी निरन्तरता दिइएको व्यहोरा अनुरोध छ ।

क) संचालन गर्न नपाइने सेवा तथा कार्य :

१. भौतिक रूपमा उपस्थित भई हुने सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, सेमिनार, जात्रा, महोत्सव सञ्चालन ।

२. सिनेमा, पार्टीप्यालेस, हेल्थ क्लब, दोहोरी रेष्टुरेन्ट, फनपार्क, फुटसल, पुस्तकालय, संग्रहालय, फिटनेस सेन्टर, जिमखाना, स्पा, स्वीमिङ्गपुल, ब्युटीपार्लर तथा सैलुन सञ्चालन

३. होटल, रेष्टुरेन्ट, खाजाघर तथा मिठाइ पसलवाट टेकअवे सेवा वाहेक अन्य सेवा सन्चालन ।

४. विश्वविद्यालय, क्याम्पस, विद्यालय लगायत सबै शैक्षिक संस्थाहरूमा भौतिक रुपमा उपस्थित भई हुने पठन/पाठन तथा परीक्षा लगायतका शैक्षिक गतिविधि ।

५.विवाह, व्रतबन्ध लगायत संस्कारजन्य कार्यक्रमहरु होटल तथा पार्टी प्यालेसमा संचालन गर्न नपाइने । तर घरमा संचालन गर्ने यस प्रकारका कार्यक्रममा बढीमा १५ जनामा नबढ्ने गरी तोकिएका जनस्वास्थ्य तथा सुरक्षा मापदण्ड अनिवार्य पालना गरी गर्ने ।

६. मृत्यु संस्कारमा २५ जना भन्दा बढी व्यक्ति सहभागी हुन नपाइने ।

७. लामो तथा छोटो दुरीका सार्वजनिक सवारी साधन संचालन ।

८. मठ, मन्दिर, मस्जिद, गुम्वा तथा चर्च लगायतका धार्मिक स्थलमा दैनिक नित्य पुजा बाहेक अन्य जमघट गर्न नपाइने ।

प्रेमलाल लामिछाने
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

☎ टेलिफोन: ०५६-५२१९४४
फ्याक्स : ०५६-५२०७४७

पत्र संख्या : ०७७।०७८
चलानी नं :

ख) संचालन गर्न पाइने सेवा तथा कार्य :

१. औषधि, अक्सिजन सिलिण्डर तथा स्वास्थ्य सामग्री सम्बन्धी पसल एग्रोभेट तथा भेटेरीनरी औषधि पसल, रासायनिक मल तथा कृषि विउविजन विक्री वितरण गर्ने पसल सञ्चालन
२. पुस्तक तथा स्टेशनरी पसल सञ्चालन ।
३. जिल्ला स्थित सबै सरकारी कार्यालयहरूले जनस्वास्थ्यका निर्धारित मापदण्ड अनिवार्य रूपमा पालना गर्ने सुनिश्चितता गरी सेवाप्रवाह गर्ने । जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय तथा यातायात व्यवस्था कार्यालय जस्ता बढि भिडभाड हुने कार्यालयहरूले समेत हप्ताको बार अनुसार फरक/फरक बार सेवाप्रबाह हुने स्थानीय तह तोकी आलोपालो प्रणाली अवलम्बन गरी भिडभाड नहुने प्रबन्ध मिलाई सेवाप्रबाह गर्ने ।
४. खाद्यान्न, तरकारी, फलफूल, दुध डेरी माछा/मासु, अण्डा, चल्ला, दाना, खाना पकाउने ग्याँस, निर्माण सामग्री सम्बन्धी पसल दैनिक विहान ६:०० बजे देखि विहान १०:०० बजे सम्म मात्र सञ्चालन गर्न पाइने । दुध डेरीको हकमा वेलुकी ५:०० बजे देखि बेलुकी ७:०० सम्म समेत सञ्चालन गर्न पाइने छ ।
५. इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स पसल, भाँडा पसल, कपडा पसल, फेन्सी पसल, कस्मेटिक तथा गिफ्ट पसल, सुनचाँदी पसल, पुजा सामाग्री पसल, फर्निचर तथा फर्निसिङ, अटोमोबाइल, मोटरपार्ट्स, जुत्ता/चप्पल, टेलरिङ, प्रेस तथा फोटोकपी पसल सातामा आइतवार, मंगलबार र विहिबार दिउसो १२:०० बजे देखि साँझ ६:०० बजे सम्म सञ्चालन गर्न पाइने ।
६. जनस्वास्थ्यका निर्धारित मापदण्ड अनिवार्य रूपमा पालना गर्ने सुनिश्चितता गरी न्यूनतम कर्मचारी खटाइ बैंक, बित्तीय संस्था, सहकारी, विमा तथा रेमिट सेवा सञ्चालन गर्ने । तर वित्तीय तथा सहकारी संस्थाहरूले घरदैलोमा गई रकम संकलन तथा समूह बैठक/भेला गर्न नपाइने ।
७. उद्योग/कलकारखानाको हकमा जनस्वास्थ्यका निर्धारित मापदण्ड पालना गरी कर्मचारी तथा कामदारलाई कार्यस्थलमै खाने/बस्ने व्यवस्था गरी सञ्चालन गर्ने । सो संभव नभएमा उद्योगको सवारी साधनले नै घर सम्म लाने/ल्याउने व्यवस्था गर्ने ।
८. बढिमा ३ जना सम्म कामदार रहने गरी वर्कशप सञ्चालन ।
९.विकास निर्माण सँग सम्बन्धित आयोजनाहरूको हकमा अनिवार्य रूपमा जनस्वास्थ्यका निर्धारित मापदण्ड पालना/गरी गराई गर्ने ।

२०७८/१/१६

प्रेमलाल लामिछाने
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

टेलिफोन: ०५६-५२१९४४
फ्याक्स : ०५६-५२०७४७

पत्र संख्या : ०७७।०७८
चलानी नं :

ग) संचालन गर्न पाइने सवारी साधन :

१. अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स (विरामी बाहेक २ जना कुरुवा समेत), शववाहन, दमकल, सुरक्षा निकाय, स्वास्थ्यकर्मीले प्रयोग गर्ने सवारी साधन, अक्सिजन तथा स्वास्थ्य सामाग्री ढुवानीका साधन र पेट्रोलियम पदार्थ ढुवानीका साधन ।

२. खाद्यान्न, तरकारी, फलफूल, दुग्ध पदार्थ, खानेपानी आपूर्ति, फोहोरमैला ब्यवस्थापन, विद्युत, पशुपन्छिजन्य सामग्री, दाना, माछा/मासु, अण्डा, कृषि उपज, विउ विजन, रासयनिक मल तथा कृषि औजार ढुवानी गर्ने सवारी साधन ।

३. दूरसंचार, इन्टरनेट, आइसोलेसन, सरसफाइमा प्रयोग गरिने सावुन/स्यानिटाइजर/मास्क, कुरियर तथा डाँक सेवा ।

४. समाचार संकलन/संप्रेषणका लागि परिचयपत्र बाहक संचारकर्मीले प्रयोग गरेका र पत्रपत्रिका वितरणका लागि प्रयोग भएका सवारी सधान ।

५. अन्तराष्ट्रिय उडानबाट विदेश जाने यात्रुहरूको हकमा हवाइ टिकट, पासपोर्ट र भिषाको निस्साको आधारमा सिधै एयरपोर्ट सम्म जाने सवारी साधन ।

६. राजमार्ग भई अन्य जिल्लामा जाने मालवाहक सवारी साधन, निर्माण सामग्री ढुवानी गर्ने सवारी साधन र खाली फिर्ता हुने सवारी साधन । तर जिल्ला भित्र निर्माण सामाग्री ढुवानी गर्ने सवारी साधनको हकमा बिहान ६.०० बजेदेखि साझ ७.०० बजेसम्म मात्र सञ्चालन गर्न पाइने छ ।

७. पुस्तक पसलबाट विद्यालय सम्म पुर्याउने गरी पाठ्यपुस्तक बोक्ने सवारी साधन

८. जोर गते जोर नम्वर र विजोर गते विजोर नम्वरका निजी सवारी साधनमा सिट क्षमताको बढिमा ५० प्रतिशत सम्म यात्रु राखी सञ्चालन गर्न पाइने छ ।

९. सार्वजनिक सवारी साधनलाई क्रमश सहज बनाउदै जाने क्रममा हाल बढिमा २ जना सम्म यात्रु राखी जोर गते जोर नम्वर र विजोर गते विजोर नम्वरका तीन पांग्रे सार्वजनिक अटो रिक्सा र ट्याक्सी समेत सञ्चालन गर्न पाइने छ । तर तीन पांग्रे अटोको लागि पुर्व निर्धारित रुटमा मात्र सञ्चालन गर्नु पर्नेछ ।

घ) संक्रमण दर घट/वढ भएमा यस आदेशमा भएका ब्यवस्थाहरु जुनसुकै समयमा पनि पुनरावलोकन गर्न सकिनेछ ।

ङ) साथै उल्लिखित आदेशको पालना तथा कार्यान्वयनमा यस अघि झै आवश्यक सहयोग, समन्वय तथा सहजिकरण हुन सम्वद्ध सबै सरोकारवाला र आम चितवनबासी दिदीबहिनी तथा दाजुभाई समक्ष हार्दिक अनुरोध छ ।

च) उल्लिखित आदेशको अवज्ञा गर्ने वा आदेशको कार्यान्वयनमा बाधा हुने गरी कुनै कार्य गरे/गराएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

२०७८।०२।१५

प्रेमलाल लामिछाने
प्रमुख जिल्ला अधिकारी